जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३१८ पृष्ठः ४ | २०८३ बैशाख ०२ बुधबार (Wednesday 15 April 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## नयाँ वर्षमा प्रकृतिको अनुपम उपहार 'फूल'



**मिथिलेश यादव**

लहान, १ वैशाख। नयाँ वर्षमा शुभकामना आदानप्रदान गर्नु सामान्य चलन हो। तर मधेस प्रदेशको लहान स्थित सलहेस फूलबारीमा भने विक्रम संवत्को नयाँ वर्षमा शुभकामना दिने काम प्रकृतिले नै गर्छ। वैशाख १ गते लहान नगरपालिका–२२ मा अवस्थित सलहेस फूलबारीमा हरेक वर्षझैं यसपटक पनि माला आकृतिको अनौठो फूल फुलेको छ। जसलाई मिथिलावासीले प्रकृतिद्वारा प्रदान गरिएको नयाँ वर्षको शुभकामना मानेका छन्।

यो अद्भुत फूल मिथिलाका लोकनायक सलहेससँग जोडिएको छ दशकौंदेखि फुल्दै आएको यस फूललाई हेर्न अहिले पनि फूलबारीमा भव्य मेला लागेको छ। लहान बजारदेखि तीन किलोमिटर दक्षिण–पश्चिममा पर्ने सलहेस फूलबारीमा रहेको हारमको रूखमा यो माला आकृतिको फूल हरेक वर्ष नयाँ वर्षमा मात्रै फुल्छ। फूलबारीमा सयौं रुख भए पनि मन्दिर नजिकै टाँसिएको दुई वटा हारमको रूखमा मात्र यो फूल देखिन्छ।

वन तथा वातावरण विज्ञका अनुसार सलहेस गाथासँग सम्बन्धित यो अनौठो फूल 'सुनाखरी' प्रजातिको विशेष प्रकार हो। फूलबारीका पुजारी नागेश्वर धामीका अनुसार यो फूल राजा सलहेस र कुसमा मालिनीको प्रेमको प्रतीक मानिन्छ। धामी भन्छन्, 'सुरुदेखि नै उही रूखमा यो फूल उस्तै स्वरुपमा फुल्दै आएको छ। अरू फूल झरेर भुइँमा खस्ने गरे पनि यो फूलको एक पत्र पनि भुइँमा नझर्ने विशेषता छ।'

नयाँ वर्षमा मात्र फुल्ने यस अनुपम फूललाई हेर्न मिथिलाञ्चल, पूर्वी तराई, बिहार र नेपालका अन्य जिल्लाबाट पनि श्रद्धालु भेला भएका छन्। भारत बिहारबाट आएका श्रद्धालुहरूमा विशेषगरी 'दुसाद' जातिको उपस्थिति उल्लेखनीय रहेको पुजारी धामी बताउँछन्। सलहेसलाई 'दुसाद' जातिको कुलदेवता मानिने भएकाले भारतबाट पनि उल्लेख्य संख्यामा भक्तजन आउँछन्। भारत दरभंगाबाट आएका रोहिणी पासवानले पहिलोपटक फूलबारीको दर्शन गर्दा आफ्नो अनुभूति यसरी व्यक्त गरे, 'वर्षौंदेखि सलहेस गाथा सुन्दै आएका थियौं। आज ६५ वर्षको उमेरमा यस्तो अलौकिक फूल देख्न पाउँदा आश्चर्यचकित भएँ। रुखको बिचबाट माला झैं बनेर फुलेको फूल देख्दा आत्मा नै पुलकित भयो।'

स्थानीय लोकविश्वासअनुसार फूल शृंगार गर्ने दौना मालिनी नयाँ वर्षको दिन राजा सलहेससँग भेट्न फूलको रूपमा प्रकट हुने विश्वास छ। नयाँ वर्षमा मात्र फुल्ने यो फूल दैवी शक्ति हो वा दुर्लभ वनस्पति विशेषता, यसबारे हालसम्म वैज्ञानिक अनुसन्धान भएको छैन। नेपालमा सुनाखरीका आठ प्रजाति छन् भने विश्वभर ३५ प्रजाति पाइन्छन्। तर सलहेस फूलबारीको यो फूल निकै अनौठो र दुर्लभ छ। वैशाख १ गते पूर्ण रूपमा फुल्ने र २ गतेदेखि बिस्तारै मर्ने प्रकृति आफैंमा अद्भूत छ।

मिथिलाका लोकनायक सलहेस सातौं–आठौं शताब्दीका नायकका रूपमा चिनिन्छन्। लोकगाथामा प्रमुख स्थान ओगटेका सलहेसबारे आजसम्म गहिरो अध्ययन हुन सकेको छैन। तर मिथिला क्षेत्रका जनजीवनमा सलहेसको नाम गुन्जिरहेकै छ। सलहेससँग प्रेममा परेकी दौनाले आफ्नो प्रेमलाई विवाहमा रूपान्तरण गर्न भने सकिनन्। सलहेससँग दौनाले विवाह प्रस्ताव राखे पनि उनले स्वीकार गरेनन्। कारण उनी विवाहित थिए। दौनाले सलहेससँगको प्रेमलाई निश्चल राखिरहिन्। उनले विवाह गरिनन्। उनी सलहेसको सम्झनामा माला लिएर उभिइरहिन्।

सलहेससँगको अमर प्रेमको सम्झनामा फूलबारीमा रहेको सलहेस मन्दिरको दक्षिणपट्टिको हारमको रुखमा वर्षमा एक पटक फूल्ने सुनाखरीको मालाआकृत फूल दौना र सलहेसकै 'प्रेम प्रतिक' भएको लोकमान्यतालाई नथनुनी सिंह दनुवारद्वारा लिखित पुस्तकमा उल्लेख गरिएको छ। नयाँ वर्षका दिन फक्रिने यो माला आकृतिको फूल प्रेमिका दौनाले सलहेसका लागि

–बाँकी तीन पेजमा

## मधेस प्रदेशका १३६ पालिका एवं सहरमा स्वच्छ, सफा तथा सुन्दर सहर निर्माणको अभियान

जनकपुर, १ वैशाख। मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले जनकपुरधामदेखि सुरु भएको स्वच्छ, सफा तथा सुन्दर सहर निर्माणको अभियान मधेस प्रदेशका १३६ पालिका एवं सहरमा सञ्चालन गरिने बताउनुभएको छ। जनकपुरधाममा आज पत्रकार सम्मेलनमा उहाँले जनकपुरधामबाट सुरु भएको सार्वजनिकस्थलको संरक्षण गर्ने अभियान मधेस प्रदेशका सबै पालिकामा सञ्चालन हुने बताउनुभएको हो।

गृहमन्त्री महतोले गत चैत २७ गते जनकपुरधाममा आठ जिल्ला प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायहरूको समन्वय बैठकमा सबै स्थानीय तहसँग समन्वय गरेर सार्वजनिक सम्पत्तिको रक्षा तथा अतिक्रमण हटाउने र सफा बनाउने विषयमा सुरक्षा निकायलाई निर्देशन दिइएको बताउनुभयो। गृहमन्त्री महतोले प्राचीन मिथिलाको राजधानीका रूपमा परिचित जनकपुरधाममा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको प्रभावकारी प्रचारप्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटनमा उल्लेखनीय वृद्धि गरेर यस क्षेत्रको आर्थिक विकासको व्यापक सम्भावना व्यापक रहेको बताउनुभयो। प्रदेश सरकार सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राखेर अघि बढिरहेको जानकारी दिँदै उहाँले विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने प्रयास गरिरहेको बताउनुभयो।

## अस्पतालले बदल्यो दुखीको जीवन

**जीवछ यादव**

लहान, १ चैत्र। लहान नगरपालिका–१८ बैरबोनाका दुखी मण्डल जन्मदेखि नै खुट्टा मोडिएको अपाङ्गता समस्याबाट ग्रसित हुनुहुन्थ्यो। सहज रूपमा हिँडेर सामान्य जीवन बिताउने कल्पना पनि उहाँले गर्नुभएको थिएन। गरिबीका कारण ११ वर्षको उमेरसम्म उहाँको कुनै उपचार हुन सकेको थिएन। तर लहान नगरपालिका–३ अस्पताल चोकमा ११ वर्षअघि काभ्रे बनेपास्थित शाखाको रूपमा अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र सञ्चालनमा आएपछि दुखी मण्डलले उपचार पाउनुभयो। अहिले उहाँले सामान्य जीवन मात्रै होइन, सोही अस्पतालमा रोजगारीसमेत पाउनुभएको छ।

आफू आमा–बुबा र परिवारका लागि बोझ बनेको सम्झँदै दुखी मण्डलले भन्नुभयो, "यो अस्पताल हामी दाजुबहिनीका लागि आशीर्वाद बन्यो। नयाँ जीवन पाएका हामी दुवै दाजुबहिनीको विवाहसमेत भइसकेको छ। यही अस्पतालमा महिनाको ३० हजार रुपियाँसम्म कमाइ हुने रोजगारी पाएर अहिले सुन्दर र खुसी जीवन बिताइरहेका छौं।"

अस्पतालका प्रमुख भोगेन्द्र महतोका अनुसार अस्पतालको चिकित्सक टोली दुखी मण्डलको घर पुग्दा उहाँकी दिदी ललिता मण्डलसमेत खुट्टा मोडिएको अपाङ्गता समस्यामा रहेको भेटिएको थियो। डेढ वर्षको निरन्तर उपचारपछि दाजुबहिनी दुवैको जीवनमा ठुलो परिवर्तन

–बाँकी तीन पेजमा




**राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !**

**"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"**

- आर्थिक गणना किनः देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधिः २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्नेः सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।
सत्य–तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## स्थिरता, सुशासनको जनअपेक्षा उपेक्षित नहोस्

विसं २०८२ नेपालको राजनीतिक, संस्थागत र सामाजिक जीवनका दृष्टिले सहज वर्ष रहेन। वर्षको थालनीमै शासनमा व्याप्त भ्रष्टाचारप्रति जनआक्रोश र शासक प्रशासकप्रति निराशा देखिएको थियो। भदौ २३ गते सामाजिक सञ्जालमा सरकारले लगाएको प्रतिबन्धको विरोधपछि जनआक्रोश विस्फोट भयो। प्रदर्शनकारीमाथि सुरक्षाकर्मीले गरेको दमनपछि २४ गते भयावह विध्वंस भयो। नेपालले त्यस्तो विध्वंस यसअघि कहिल्यै भोगेको थिएन।

विध्वंसपछि भने देशलाई लथालिङ्ग हुनबाट रोकियो। राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनासमेतको सहयोगमा स्थिति सम्हाल्ने पहल गरे। प्रतिनिधि सभाको निर्वाचन गराउने तथा भदौ २३ र २४ का घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको सिफारिस गर्ने कार्यादेशसहित पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरियो। देश क्रमशः सङ्कटबाट शान्ति र स्थिरतातर्फ उन्मुख भयो। संशय चिर्दै निर्वाचन सम्पन्न भयो र छानबिन आयोगले प्रतिवेदन बुझायो।

प्रतिनिधि सभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार करिब दुई तिहाइ स्थानमा विजयी भए। संसद्मा पहिले कहिल्यै नदेखिएको युवा प्रतिनिधित्व देखिएको छ। सरकारमा पनि त्यसको प्रतिविम्ब परेको छ। वृद्धतन्त्रबाट आजित नेपाली जनताले परिवर्तनका पक्षमा मत दिएका छन्। जनताको निर्णय कति सही ठहरिन्छ भन्ने कुरा समयले नै बताउनेछ। जे होस्, २०८२ साल आक्रोश, विध्वंस र परिवर्तनको वर्षका रूपमा सम्झिनेछ। यस वर्षका घटनाको मूल्याङ्कन इतिहासले गर्ने नै छ।

भविष्यप्रति आशावादी भएर नै सृष्टि चल्छ। त्यसैले नयाँ वर्ष २०८३ ले देशलाई स्थिरता, सुशासन र विश्वास पुनर्निर्माणतर्फ अग्रसर गराउने अपेक्षा अस्वाभाविक होइन। स्थिरता र सुशासनका लागि संविधानको अक्षर र भावनाको पालना तथा संवैधानिक संस्थाहरूको प्रभावकारिता आवश्यक हुन्छ। लोकतान्त्रिक शासन प्रणालीमा राजनीतिक नेतृत्वले संवाद र सहकार्यलाई मूल मन्त्र बनाउनुपर्छ। विधिको शासनप्रति व्यवहारमै प्रतिबद्धता देखिनुपर्छ। अनि मात्र शासकीय संस्कारमा सुधारको अपेक्षा गर्न सकिन्छ।

त्यसैगरी, अर्थतन्त्रमा सुधार ल्याई रोजगारीका अवसर विस्तार गर्ने, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा नागरिकको पहुँच सहज बनाउने तथा सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र परिणाममुखी बनाउने दिशामा राज्यले ठोस उपलब्धि हासिल गरोस्। सामाजिक सद्भाव, सहिष्णुता र विविधताबीचको एकतालाई अझ सुदृढ बनाउँदै लोकतान्त्रिक संस्कारलाई व्यवहारमा रूपान्तरण गर्ने वर्षका रूपमा २०८३ स्थापित होस्।

नयाँ वर्ष २०८३ देशका लागि स्थिरता, सुशासन, समृद्धि र नागरिक विश्वास पुनर्निर्माणको आधार वर्ष बन्न सकोस्। बाह्रखरीका पाठक, शुभेच्छुक, विज्ञापनदाता, सहकर्मीहरूका साथै सम्पूर्ण नेपालीका लागि नयाँ वर्ष २०८३ सुखद, मंगलमय र स्वास्थ्यकर बनोस्। हार्दिक शुभकामना।

# मोटरसाइकल दुर्घटनामा सशस्त्र प्रहरीका सहायक हवल्दारको मृत्यु

झापा, १ वैशाख। मेचीनगर नगरपालिका–४ बाहुनडाँगीस्थित सशस्त्र प्रहरी बलको बीओपीमा कार्यरत सहायक प्रहरी हवल्दार ३५ वर्षीय सचिन तामाङको मोटरसाइकल दुर्घटनामा आज साँझ मृत्यु भएको छ। पाँचथरको फिदिम–१२ घर भएका तामाङ सवार मे७प ९६५ नं को मोटरसाइकल आज अपराह्न ५:३० बजेतिर मेचीनगर–२ दुर्गा मन्दिरस्थित मदन भण्डारी राजमार्गमा अनियन्त्रित भई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर भण्डारीले जानकारी दिनुभयो।

उहाँका अनुसार मोटरसाइकलको पछाडि सवार सप्रह तामाङ दुर्घटनामा गम्भीर घाइते हुनुभएको थियो। उपचारको क्रममा विर्तामोडको बीएन्डसी हस्पिटलमा उहाँको आज साँझ ६:४५ बजे मृत्यु भएको हो। मोटरसाइकलको चालक अर्जुनधारा नगरपालिका वडा नं १ घर भई बाहुनडाँगी बीओपीमा कार्यरत ४० वर्षीय डिल्लीराम सुबेदीको हाल बीएन्डसी हस्पिटलमा उपचार भइरहेको प्रहरीले जनाएको छ। दुर्घटना भएको मोटरसाइकल हाल नेपाल प्रहरीको भृकुटी अस्थायी पोस्टको नियन्त्रणमा रहेको र तामाङको शव हस्पिटलमै रहेको जनाइएको छ। प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ।

# सलहेश फूलबारी मेलाको अन्तरराष्ट्रियकरणको खाँचो



राजेश विद्रोही

नयाँ वर्षको दिन सिरहाको लहानमा अवस्थित लोकनायक सलहेश फूलबारी मेला लाग्ने गर्दछ। यो मेलाको आफ्नै प्राचीन र ऐतिहासिक महत्व रहेको छ। मिथिलाको धार्मिक–ऐतिहासिक भूमिमा रहेको यो स्थल दलित समुदायअन्तर्गत पर्ने दुसाद ( पासवान) जातिको पुर्ख्यौली इतिहाससँग जोडिएको छ। नेपालका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलहरूमध्ये यो पनि एक विशिष्ट पहिचान बोकेको स्थल हो तर दलित समुदायको इतिहाससँग सम्बन्धित भएकै कारण यो स्थल लामो समयसम्म ओझेलमा परेको मात्र छैन, पछिल्लो समय विभिन्न कारणले विवादमा समेत तानिएको छ।

यस सन्दर्भमा राज्यले गम्भीर अध्ययन र अनुसन्धान गरी यस स्थललाई यसको मौलिक इतिहाससँग जोडिएको समुदायकै अग्राधिकार सुनिश्चित हुने गरी संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ। साथै, नयाँ वर्षको अवसरमा यस मेलाको व्यापक प्रचारप्रसार गरी विदेशी पर्यटक आकर्षित गर्ने उद्देश्यले अन्तरराष्ट्रियकरण गर्नु आजको आवश्यकता हो। यसबाट राज्यको आर्थिक, सामाजिक र ऐतिहासिक विकासमा महत्वपूर्ण योगदान पुग्ने निश्चित छ।

नेपालको तराई–मधेस भौगोलिक रुपमा मात्र नभई यो इतिहास, लोकविश्वास र सांस्कृतिक स्मृतिहरूको जीवित सङ्ग्रहालय पनि हो। यहाँका प्रत्येक पर्व, मेला र परम्पराले कुनै न कुनै सामाजिक, ऐतिहासिक वा सांस्कृतिक अर्थ बोकेका छन्। यिनै परम्पराहरूको बीचमा गहिरो जनविश्वास, पहिचान र प्रतिरोधको चेतनासँग गाँसिएको एक महत्वपूर्ण सांस्कृतिक अभ्यास हो—राजा सलहेशको कथा र फूलबारी मेला। जुन प्रत्येक नयाँ वर्षको दिन विशेष उत्साहका साथ मनाइन्छ।

वैशाख १ नेपाली नयाँ वर्षको सुरुवात मात्र होइन, यो समयको पुनरारम्भ, आशा र नवजीवनको प्रतीक पनि हो। पहाडी क्षेत्रझैं मधेसमा पनि नयाँ वर्षले सामाजिक, धार्मिक र सांस्कृतिक गतिविधिलाई नयाँ ऊर्जा दिन्छ। तर मधेसको विशेषता के हो भने यहाँ नयाँ वर्ष केबल पात्रो परिवर्तनमा सीमित छैन—यो लोकनायकहरूको स्मरण, सामूहिक आस्था र सामाजिक सांस्कृतिक पुनर्जागरणसँग गहिरो रूपमा जोडिएको छ। राजा सलहेशको फूलबारी मेला यसै सन्दर्भमा नयाँ वर्षलाई सामाजिक अर्थ दिने महत्वपूर्ण माध्यम बनेको छ। यहाँ नयाँ वर्षको स्वागत केबल शुभकामना साटासाटबाट मात्र होइन, सांस्कृतिक भेला, सामूहिक अनुष्ठान र ऐतिहासिक स्मरणमार्फत गरिन्छ।

राजा सलहेश मधेसी समाजका विशेषगरी दुसाध (पासवान) समुदायका लागि केवल ऐतिहासिक पात्र मात्र होइनन्, उनी सामाजिक न्याय, समानता र प्रतिरोधका प्रतीक पनि हुन्। मौखिक परम्पराअनुसार उनी१३औँ वा१४औँ शताब्दीका वीर, न्यायप्रिय र जनमुखी सामाजिक शासक थिए। उनको कथा लिखित इतिहासमा सीमित रूपमा पाइए पनि लोकगीत, नाच, नाटक र सामुदायिक स्मृतिमा गहिरोसँग स्थापित छ। इतिहासशास्त्रीय दृष्टिले हेर्दा सलहेश जस्ता पात्रहरू ‘लोकइतिहास’ का प्रतिनिधि हुन्—जहाँ औपचारिक दस्तावेजभन्दा जनस्मृति र सांस्कृतिक अभ्यासले इतिहास निर्माण गर्छ। दलित समुदायले भोग्दै आएको ऐतिहासिक विभेद, बहिष्कार र शोषणको सन्दर्भमा सलहेशको कथा आत्मसम्मानको स्रोत बनेको छ। यसले एउटा सन्देश दिन्छ—“हामी पनि इतिहासका निर्माता हौँ।”

राजा सलहेशसँग सम्बन्धित प्रमुख स्थलका रूपमा महिसौथा गढलाई लिइन्छ। यसलाई उनको दरबार रहेको स्थान मानिन्छ। यस्ता स्थलहरू केवल धार्मिक केन्द्र मात्र होइनन्, यी सांस्कृतिक भूगोलका महत्वपूर्ण अङ्ग हुन्। फूलबारी मेला वरिपरि मानिक दह, पोखरीया गढ, पतारी ऐतिहासिक मेलाहरू पनि लाग्ने गर्छन्। यसले कुनै समुदायको ऐतिहासिक उपस्थिति, सांस्कृतिक निरन्तरता र पहिचानलाई भौगोलिक रूपमा स्थापित गर्छन् तर विडम्बना के छ भने यस्ता स्थलहरूको संरक्षणमा राज्यको ध्यान अझै पुग्न सकेको छैन। यदि महिसौथा गढलगायतका क्षेत्रहरूको वैज्ञानिक अध्ययन, संरक्षण र व्यवस्थित प्रवर्द्धन गरियो भने यसले राष्ट्रिय सम्पदाका रूपमा मान्यता पाउन सक्छ भने अन्तरराष्ट्रिय बजारीकरण पनि गर्न सकिन्छ।

सिरहाको लहान क्षेत्रमा पर्ने सलहेश फूलबारीमा लाग्ने मेला यस सम्पूर्ण परम्पराको केन्द्र हो। यसको मूल कथा राजा सलहेश र मालिनीबीचको प्रेमसँग जोडिएको छ। जनविश्वासअनुसार हरेक वर्ष वैशाख महिनामा फूलबारीको एक विशेष रुखमा सुनाखरी फूल आफैं फुल्ने गर्दछ, जसलाई सलहेश र मालिनीको प्रतीकात्मक मिलनको रूपमा व्याख्या गरिन्छ। वैज्ञानिक दृष्टिले यो मौसमी जैविक प्रक्रिया हुन सक्छ। तर स्थानीय समुदायका लागि यो दिव्य चमत्कार हो। यही बिन्दुमा विज्ञान र आस्थाबीचको सहअस्तित्व देखिन्छ। समाजशास्त्रीय रूपमा हेर्दा यस्ता विश्वासहरूले समुदायलाई एकताबद्ध बनाउने, सांस्कृतिक निरन्तरता कायम राख्ने र सामूहिक पहिचान निर्माण गर्ने काम गर्छन्।

फूलबारी मेला नेपालको मात्र होइन, भारतको बिहार राज्यसँग पनि गहिरो रूपमा जोडिएको छ। हरेक वर्ष हजारौं श्रद्धालु बिहारबाट यहाँ आउने गर्छन्। यसले मधेसको सांस्कृतिक सम्बन्धलाई सीमापार विस्तार गरेको छ। यसलाई ‘ट्रान्सनेशनल कल्चर’ का रूपमा व्याख्या गर्न सकिन्छ—जहाँ संस्कृति राजनीतिक सीमाभन्दा माथि उठेर समुदायलाई जोड्छ। यो पक्षले नेपाल–भारतबीच सांस्कृतिक कूटनीतिलाई मजबुत बनाउन ठूलो भूमिका खेल्न सक्छ। यदि राज्यले यसलाई सही रूपमा उपयोग गर्न सकेमा यो क्षेत्र सांस्कृतिक सहकार्यको उत्कृष्ट उदाहरण बन्न सक्छ। अघिल्लो वर्ष यो धर्तीलाई थप परिस्कृत तथा अन्तरराष्ट्रियकरण गर्न डा.भीम राव अम्बेडकरको शालिकसहित पार्क बनाउने सुनिश्चित भएको थियो। तर विवादको कारण सफल हुन सकेन।

फूलबारी मेला केवल सांस्कृतिक कार्यक्रम मात्र होइन, यो स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधार पनि हो। प्रत्येक वर्ष हजारौं मानिसहरूको सहभागिताले बजारमा ठूलो आर्थिक गतिविधि सिर्जना गर्छ। होटल, यातायात, खुद्रा व्यापार, हस्तकला र खाद्य व्यवसायले राम्रो आम्दानी गर्छन्। यसले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउँछ।यदि यसलाई व्यवस्थित पर्यटनसँग जोड्न सकियो भने यो क्षेत्र आर्थिक रूपमा अझ सशक्त बन्न सक्छ तर हालसम्म योजनाबद्ध विकासको अभाव, अस्थायी संरचना र कमजोर व्यवस्थापनले यसको पूर्ण सम्भावना उपयोग हुन सकेको छैन।

फूलबारी मेलाको सबैभन्दा महत्वपूर्ण पक्ष यसको सामाजिक र राजनीतिक सन्देश हो। दलित समुदायका लागि सलहेश केवल देवता होइनन्, उनी आत्मसम्मान र प्रतिरोधका प्रतीक हुन्। नेपालको ऐतिहासिक रूपमा विभेदपूर्ण सामाजिक संरचनामा सलहेशको कथा वैकल्पिक शक्ति स्रोत बनेको छ। यसले पहिचान, समानता र अधिकारका लागि संघर्ष गर्ने प्रेरणा दिन्छ।यसलाई ‘सांस्कृतिक राजनीति’ का रूपमा पनि बुझ्न सकिन्छ—जहाँ सांस्कृतिक अभ्यासहरू सामाजिक परिवर्तनका माध्यम बन्छन्।

यति महत्वपूर्ण सांस्कृतिक सम्पदा हुँदाहुँदै पनि फूलबारी मेला अझै राष्ट्रिय सीमाभित्रै सीमित छ। यसको अन्तरराष्ट्रियकरण आवश्यक हुनुका प्रमुख कारणहरू स्पष्ट छन्। पहिलो, विश्वव्यापी पहिचानका लागि—मधेसी दलित समुदायको समृद्ध इतिहास र सांस्कृतिक विरासतलाई अन्तरराष्ट्रिय स्तरमा चिनाउन आवश्यक छ। दोस्रो, पर्यटन प्रवर्द्धनका लागि—धार्मिक तथा सांस्कृतिक पर्यटनमार्फत विदेशी पर्यटक आकर्षित गरी देशको पर्यटन क्षेत्रलाई बलियो बनाउन सकिन्छ। तेस्रो, आर्थिक सशक्तीकरणका लागि—मेलासँग जोडिएका स्थानीय व्यवसाय, हस्तकला र सेवा क्षेत्रलाई दिगो रूपमा सुदृढ गर्न अन्तरराष्ट्रिय ध्यान आवश्यक हुन्छ। चौथो, सांस्कृतिक कूटनीतिका लागि—नेपाल, भारतलगायत अन्य देशहरूसँग सांस्कृतिक सम्बन्ध विस्तार गर्दै आपसी समझदारी र सहकार्यलाई अझ मजबुत बनाउन यसको अन्तरराष्ट्रियकरण अपरिहार्य देखिन्छ।

**अन्तरराष्ट्रियकरणका सम्भावित उपायहरू**

सलहेश फूलबारी मेलाको संरक्षण, प्रवर्द्धन र अन्तरराष्ट्रियकरणका लागि दीर्घकालीन र बहुआयामिक रणनीति आवश्यक छ। सबैभन्दा पहिले, सलहेश परम्परालाई “युनेस्को अमूर्त सांस्कृतिक सम्पदा” सूचीमा सूचीकृत गराउने पहलले यसको अन्तरराष्ट्रिय मान्यता र संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। त्यसैगरी फूलबारी मेला, महिसौथा गढ, मनिक दह, पोखडीया गढ, पतारी तथा सप्तरीका दिनाभद्री मन्दिरलाई जोडेर “दलित सांस्कृतिक सलहेश सर्किट” निर्माण गर्न सकिन्छ। जसले धार्मिक–सांस्कृतिक पर्यटनलाई बढावा दिन्छ र स्थानीय अर्थतन्त्र सुदृढ बनाउँछ।

डिजिटल अभिलेखीकरणमार्फत सलहेशसँग सम्बन्धित लोककथा, गीत, नाटक र अनुष्ठानहरू सुरक्षित गर्नुपर्छ, जसले मौखिक परम्परालाई दीर्घकालीन रूपमा जोगाउँछ। साथै अन्तरराष्ट्रिय महोत्सव आयोजना, पूर्वाधार विकास (सडक, होटल, सरसफाइ, सूचना केन्द्र) र शैक्षिक पाठ्यक्रममा समावेशीकरण पनि आवश्यक छन्। तर, पूर्वाधारको अभाव, व्यवस्थापन कमजोरी र संरक्षण चुनौतीहरूलाई समाधान गर्न राज्य, स्थानीय तह, निजी क्षेत्र र समुदायबीच सहकार्य अपरिहार्य छ। समावेशी दृष्टिकोण अपनाएर मात्र दलित समुदायसँग जोडिएको सलहेश परम्पराको दीगो संरक्षण सम्भव हुन्छ।

अन्त्यमा राजा सलहेश र फूलबारी मेला केवल धार्मिक वा सांस्कृतिक कार्यक्रम मात्र होइन। यो मधेसी दलित समुदायको आत्मा, इतिहास, प्रेम, सङ्घर्ष र पहिचानको सङ्गम हो। तर यसलाई एउटै जातिसँग मात्र जोड्नु हुँदैन, तर ऐतिहासिकता भने जोड्नुपर्छ। र, सबैको साझा र राष्ट्रकै सम्पत्तिको रुपमा विकास गर्नुपर्छ। यसले नयाँ वर्षलाई समयको परिवर्तनको रुपमा मात्र होइन, सामाजिक चेतनाको पुनर्जागरणका रूपमा स्थापित गर्छ। त्यसैले यसको संरक्षण र

–बाँकी तीन पेजमा

## सलहेश फूलबारी ...

प्रवर्द्धन गर्नु केबल स्थानीय समुदायको जिम्मेवारी मात्र होइन, सम्पूर्ण राष्ट्रको कर्तव्य हो। अब नीतिगत प्रतिबद्धता, वैज्ञानिक अध्ययन, सांस्कृतिक सम्मान र दिगो विकासको स्पष्ट दृष्टिकोणको आवश्यक छ। यदि हामीले समयमै यसलाई अन्तरराष्ट्रिय स्तरमा स्थापित गर्न सक्यौं भने वैशाख १ को फूलबारी मेला केबल एउटा परम्परा मात्र नभई नेपालको राष्ट्रिय गौरव र विश्व सांस्कृतिक सम्पदाको उज्यालो प्रतीक बन्न सक्छ।

## अस्पतालले बदल्यो...

आएको उहाँले बताउनुभयो। अहिले दुवैको विवाहसमेत भइसकेको छ। दुखी मण्डलले यही अस्पतालबाट तीन महिनाको तालिम लिएर अपाङ्गता भएका बालबालिकाका लागि विशेष जुत्ता बनाउने काम गर्दै महिनाको ३० हजार रुपियाँसम्म आम्दानी गरिरहनुभएको छ।

प्रमुख महतोका अनुसार पछिल्लो ११ वर्षमा अस्पतालले १५ सय बालबालिकाको उपचार गरी निको बनाएको छ। मधेश प्रदेशस्तरीय यस अस्पतालमा भारतबाट समेत अपाङ्गता भएका बालबालिका उपचारका लागि आउने गरेका छन्। हाल अस्पताल भाडाको भवनमा सञ्चालन भइरहेकाले यसको स्थायित्वका लागि पाँच कट्ठा जग्गा आवश्यक रहेको महतोले बताउनुभयो। लहान नगरपालिकाले बोर्ड बैठकबाट उपलब्ध गराएको जग्गामा मधेश प्रदेश सरकारबाट आएको ४० लाख रुपियाँ बजेट कानुनी जटिलताका कारण प्रयोग हुन नसकेको उहाँको भनाइ छ। त्यसैले दाता परिवारसँग जग्गा उपलब्ध गराउन पहल भइरहेको उहाँले जानकारी दिनुभयो।

अन्तर्राष्ट्रियस्तरको सेवा दिइरहेको सगरमाथा चौधरी आँखा अस्पताल र रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल, लहानसँगै भाडाको आठ कोठे भवनमा सञ्चालन भइरहेको यस अस्पतालको स्थायित्वका लागि आवश्यक पाँच कट्ठा जग्गा उपलब्ध गराउन दाता परिवारसँग छलफल गरिने मानवअधिकारकर्मी राजकुमार राउतले बताउनुभयो।

# पानीको सङ्कटले हरायो जुडशीतल पर्वको रौनक

**गोपालप्रसाद बराल**



महोत्तरी, १ वैशाख। नयाँ वर्ष पारम्भका दिन आज मधेशको मिथिला क्षेत्रमा हिलो खेलेर वर्षभरि सहकाल होस् भन्ने कामना गर्दै जुडशीतल पर्व मनाइन्छ। तर यस क्षेत्रका अधिकांश वस्तीमा पानीका स्रोतका मुहान चैतमै सुकेर, पोखरी, डबरा (ससाना पोखरी आकारका खाल्डा) मा धाँजा फाटेपछि यहाँ माटोको हिलो देखिएको छैन। हिलो कतै नदेखिएपछि जुडशीतल पर्वको रौनकता नै हराउने चिन्ता बढेको छ।

कृषिसँग गहिरो नाता राख्ने जुडशीतल पर्व हिलो खेल्न नपाएर निरस हुनसँगै यहाँ खेतीपाती मात्र नभएर राम्रो पानी परेर मुहान नरसाएसम्म खानेपानीकै हाहाकार पर्ने गर्छ। खासगरी जिल्लाको उत्तरी क्षेत्रका गौशाला, बर्दिबास र भङ्गाहा नगरपालिका क्षेत्रमा नदी, पानीखोल्सी, जरुवा, इनार र चापाकलसहितका पानीका स्रोतका मुहान सुक्दै गएपछि चैत नसकिँदै खानेपानीको सङ्कट ब्यहोर्नु परेको बर्दिबास-१२ डाँडयटेल बिजलपुराका विश्वनाथ सिंह (६५ वर्ष) कुशवाहा बताउनुहुन्छ।

"नयाँ वर्ष सुरु हुँदा हामीकहाँ हिलो खेलेर सहकालको कामना गर्ने मैथिल परम्परा छ" कुशवाहा भन्नुहुन्छ, "तर चैत नसकिँदै इनारको पानीको सतह गहिरिँदै गएर हाहाकार नै पर्न थालिसकेको छ, नयाँ वर्षमा खेलिने हिलो कहाँ पाउनु ?" पानीकै अभावले जुडशीतलमा हिलो खेल्ने परम्परा अब सपना बनेको उहाँ बताउनुहुन्छ। कुशवाहा मात्र नभएर यहाँका आम सर्वसाधारण पानीको समस्याको 'तारणहार' ( समस्या निदान गर्ने) बनेर को निस्कलान् भन्ने प्रश्न तेर्स्याउँछन्।

भर्खरै मुलुकमा निर्वाचन सम्पन्न भएर नयाँ सरकार गठन भएको छ। नयाँ सरकारसँग आफ्ना दुःख सुखका अपेक्षा सँगालेका महोत्तरीबासी चढ्दो गर्मीसँगै अब पानीको सङ्कट सधैँलाई टार्ने काम होस् भन्ने आशमा छन्। पछिल्ला एक/डेढ दशकयता चैत नसकिँदै पानीका स्रोतका मुहान सुक्ने समस्या यहाँका सर्वसाधारणको नियति नै बनेको छ। यो समस्याको दीर्घकालीन समस्या निदानमा सरकारले उपयुक्त कदम बढाओस् भन्ने यहाँका बासिन्दाको माग छ।

हिउँदमा वर्षा हुँदा मुहान रसाई रहेर पानीको समस्या कम हुने यहाँका बासिन्दाको विगत अनुभव छ। यसपालि हिउँदमा पानी नपरी बिदा मुहान सुक्न थालेका हुन्। चैत लागेपछि भने पानी परेको छ। ढिलो पानी पर्दा सुकेको मुहान रसाउन समय लाग्ने हुँदा यहाँ चैत नसकिँदै पानीको समस्या बढ्न थालेको भङ्गाहा-४ प्रेमनगरका जवाहर महतो बताउनुहुन्छ।

"यसपालि हिउँदभरि पानी नपर्दा इनारमा पानीको सतह गहिरिएको छ" घर अगाडिको इनार देखाउँदै महतोले भन्नुभयो, "चैत लागेयता भने पानी परेको छ, ढिलो पानी परेको हुँदा मुहान रसाउन पाएको छैन।" अब केही दिनको फरकमा पानी परिरहे मुहान रसाउने आश भने पलाएको उहाँ बताउनुहुन्छ। चैत लागेयता १०/१२ दिनको फरकमा केहीबेर वर्ष भए पनि मुहानहरू अझै राम्ररी नरसाउँदा खानेपानीको अभाव हुन थालेको यहाँका बासिन्दा बताउँछन्। "हिउँदभरि पानी नपर्दा मुहान सुकेका छन्, चैत लागेयता पटकपटक परेको पानीले अझै मुहानमा चिस्यान भरिएको छैन। नयाँ वर्ष सुरु हुन अगावै यहाँ पानीको अभाव खट्किन लागेको छ" भङ्गाहा-४ कै रामनगर बस्तीका ८० वर्षीय किसान दीपबहादुर फुँयालले भन्नुभयो।

पछिल्ला एक/डेढ दशकयता गौशालाका १२ मध्ये आठ, बर्दिबासका १४ र भङ्गाहा नगरपालिकाका नौमध्ये तीन वटा वडा बस्तीमा गर्मीयाममा खानेपानीको समस्या बढ्दै गएको छ। बर्दिबासमा अधिकांश बस्तीमा नदी र खोल्साखोल्सीको पानी सङ्ग्रह गरेर टङ्कीमा भण्डारण गरेर धाराबाट वितरण गरिन्छ। गर्मीयाममा नदी र खोल्साखोल्सी सुकेपछि यहाँ बर्सेनिजसो खानेपानीको अभाव सर्वसाधारणले व्यहोर्दै आएका छन्। "दुई दिन भयो, पानी धेरै चाहिने बिहान/बेलुकाको समयमा धारामा पानी आउन छाडेको छ" बर्दिबास-१ को मुख्यचोककै बासिन्दा उद्धवबहादुर क्षत्री भन्नुहुन्छ, "वैशाख नलाग्दै यो अवस्था छ, जेठको प्रचण्ड रापमा झन् के होला ?"

पानीको यो समस्याले मुखमा आएको नयाँ वर्षमा मनाइने जुडशीतल पर्वबारे पछिल्लो किशोर पुस्तालाई कथा हालेर बताउनुपर्ने अवस्था बन्दै गएको बर्दिबास-१४ का पूर्व वडाध्यक्ष भरतबहादुर हमालको भनाइ छ। गर्मी बढेसँगै मङ्गनमा पानी घटेपछि यसको असर उपभोक्तामा परेको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका उपाध्यक्ष राजेन्द्र थापा स्वीकार गर्नुहुन्छ। "गर्मी याममा मुहानमा पानी घटेपछि ट्याङ्कीमा भरिन समय लाग्छ, त्यसैले गर्मी यामभरि सबैतिरका धारामा पानी पुर्‍याउन समय व्यवस्थापन गर्नुपर्दा थोरै समस्या पर्ने गरेको छ" थापा भन्नुहुन्छ, "तर हामो व्यवस्थापनले पानीको हाहाकार नै भने पर्न दिएको छैन।"

बर्दिबासका वडा नं १, २, ३, ४, ५, ८, १०, ११ र १४ का बस्ती पूरै खोल्साखोल्सी र नदीबाट सङ्ग्रहित पानी धाराबाट वितरण गरिने प्रणालीको भरमा छन्। बर्दिबासकै ६, ७, ९, १२ र १३ का बस्तीमा भने धारा चलनमा रहेपनि इनार खानेपानीको मुख्य स्रोत रहँदै आएको छ। यसैगरी गौशालाका १, ३, ४, ५ ८, १०, ११ र १२ नम्बर वडाका बस्ती यस्तै सङ्ग्रहित पानी धाराबाट वितरण हुँदै आएका बस्ती हुन्। गौशालाका २, ६, ७ र ९ नम्बर वडाबस्तीमा खानेपानीका लागि धेरैजसो चापाकल प्रयोगमा छन्। यसैगरी भङ्गाहाका ३, ४ र ५ नम्बर वडाबस्तीमा खानेपानीका स्रोत इनार र चापाकल छन्। गर्मी चढ्दै गएसँगै यी पानीका स्रोतका मुहान सुक्दै गएपछि यहाँ पानीको अभाव बढ्ने गरेको छ। यो क्रम असारमा राम्रो वर्षा नहउञ्जेल रहने यस भेगका बासिन्दा बताउँछन्।

लामो खडेरी पर्दा जिल्लाको उत्तरीक्षेत्र मात्र नभएर सुदूर दक्षिणी भेगको जिल्ला सदरमुकाम जलेश्वर नगर क्षेत्रमा पनि खानेपानीको हाहाकार पर्ने गरेको छ। गत वर्ष जलेश्वरमा बाहिरबाट ट्याङ्करमा पानी ओसार्नु परेको जलेश्वर-१ का बासिन्दा ७० वर्षीय सुधीर साह सम्झनुहुन्छ। दुई वर्षअघि जलेश्वर नगरपालिकाका १२ वडामध्येका अधिकांश बस्तीमा खानेपानीको हाहाकार परेको नगरबासी सम्झन्छन्।

पानीको दुःख चुरे पहाडि काछका बासिन्दाले पनि बर्सेनि भोग्दै आएका छन्। महोत्तरीको पूरै चुरे क्षेत्र बर्दिबास नगरपालिकामा पर्छ। यी काछबस्तीमा खानेपानीको मुख्य स्रोत जरुवाका मुहान सुक्दै गएपछि समस्या बढेको काछबासी बताउँछन्। चुरे पाहाडि काछमा बर्दिबास नगरपालिका-३, ४, ५, १० र ११ नं वडाका ३० भन्दा बढी बस्ती छन्। पाखा बस्तीका सबैको गर्मीयाममा खानेपानी सङ्कट झेल्नु समान पीडा बनेको छ।

"एक दशकअघिसम्म यहाँका जरुवा कहिल्यै सुक्दैनथे, पछिल्ला केही वर्षयता नदी, पाखा र बगर पर्ति जग्गामा बालुवा ढुङ्गा झिक्न ठूलठूला यन्त्र चल्न थालेपछि मुहान सुक्दै गएका हुन्" बर्दिबास-११ खयरमाराका सामाजिक अगुवा ७५ वर्षीय चन्द्रलाल गौतम भन्नुहुन्छ, "वन उजाडिँदै जानु र अवैध उत्खनन् नियन्त्रण हुन नसक्दा पानीका मुहान चाँडै सुक्ने गरेका हुन्।" अब सरकारले पानीका स्रोतको मुख्य मुहान चुरेको संरक्षण गर्न तत्काल ठोस पहलकदमी बढाउन पर्ने उहाँको भनाइ छ। "सरकारले जलाधार क्षेत्रको संरक्षण र वन क्षेत्रमा पानी पुनर्भरणका पोखरीहरू बनाउन सके अहिले भोग्दै आइएको समस्या धेरै घट्छजस्तो लाग्छ" गौतमको सरकारलाई सुझाव छ।

यसपालि राम्ररी हिउँदे वर्षा नभएको, नदी क्षेत्रमा बालुवा, ढुङ्गा उत्खनन् गर्नेहरूले ठूल्ठूला गहिरा खाल्डा बनाएका र चुरे क्षेत्रका जलाधार क्षेत्र धमाधम पुरिँदै जाँदा नदी र खोल्साखोल्सी सुक्दै गएका छन्। यसैगरी इनार र चापाकलमा पानीको सतह गहिरिँदै गएर चैत नसकिँदै खानेपानीको अभाव हुन लागेको चुरे तथा जलाधार विज्ञको भनाइ छ। "मधेशमा पानीको स्रोतको मुख्य मुहान चुरे नै हो" चुरे विज्ञ जिल्लाकै भङ्गाहा-७ मेघरोलका बासिन्दा डा. विजयकुमार सिंह भन्नुहुन्छ, "यो मुख्य स्रोतको संरक्षणमा तीनै तहका सरकारको समन्वयात्मक पहलकदमी आवश्यक छ।" तर यो काम सरकारका प्राथमिकतामा नपर्दा दिनदिनै पानीको सङ्कट झनझन गहिरिँदै गएको उहाँको ठम्याइ छ। यसमा सङ्घीय र प्रदेश सरकारभन्दा स्थानीय सरकारको तदारुखता बढी व्यवहारिक र उपलब्धिमूलक हुने डा. सिंह बताउनुहुन्छ।

"विकास निर्माणका योजना र पूर्वाधार विकासका कतिपय योजना चुरे र वन क्षेत्रको भौगोलिक अवस्थाको ख्याल नगरी बनिदा छन्, चुरेको माटो अत्यन्त खुकुलो छ, यहाँ सडक, पुलपुलेसा बनाउन ढिस्का भार्न यान्त्रिक उपकरण प्रयोग गरिन्छन्" डा. सिंह भन्नुहुन्छ, "यसले बर्सेनी पहिरो खस्ने र गेग्यानले पानीका मुहान पुरिँदै गएका छन्।" यसबाहेक विश्वव्यापी जलवायु परिवर्तनको असरले सन्तुलित वर्षामा प्रतिकूल प्रभाव पारेको उहाँको भनाइ छ। यो असरलाई भने यसकै अनुकूलन हुनेगरी सकारात्मक अभ्यासमा जानपर्ने डा. सिंहको सुझाव छ।

खासमा स्थानीय तहहरूले प्राकृतिक सम्पदाको उपयोग नीति स्पष्ट नपारेसम्म समस्या समाधान हुन नसक्ने विज्ञ बताउँछन्। चुरे पहाड, जलाधार क्षेत्र र वनक्षेत्रको संरक्षण, वनक्षेत्र र पर्ति जग्गामा पुनर्भरण पोखरी निर्माण र चुरेबाट निस्कने खोल्साखोल्सीबाट बग्ने गेग्यान व्यवस्थापनको मुख्य नेतृत्व स्थानीय तहले लिएर प्रदेश र सङ्घीय सरकारसँग समन्वयमा काम बढाउनसके क्रमशः अवस्थामा सुधार हुँदै जाने चुरे तथा जलाधार क्षेत्रको संरक्षणमा लामो अनुभव सँगाल्नु भएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबासका अध्यक्ष चुरेविज्ञ नागदेव यादव बताउनुहुन्छ।

## नयाँ वर्षमा...

ल्याएकी थिइन्) जुन उनले सलहेसलाई पहिल्याउन पाइनन्। यी दुवैको प्रेमको प्रतीकका रूपमा नयाँ वर्षमा फक्रिने मालाआकृत फूल हेर्न यहाँ हरेक वर्ष भिड लाग्छ। यो फूलबारी १४औं शताब्दीमा राजा पुरादित्यद्वारा लगाइएको कथन छ। १६औं शताब्दीमा राजा कुलेश्वरले फूलबारीको संरक्षकका रूपमा सलहेसलाई नियुक्त गरेका थिए। फूलबारीमा सबभन्दा पहिले राजा कुलेश्वरको पूजाको चलन अझै कायम छ। सलहेस फूलबारीमा जैविक विविधता रहेको छ। ४५ प्रजातिका ७१ वनस्पति र ८२ प्रजातिका बिरुवा छन् त्यहाँ। फूलबारीको माटो घर पोल्न लग्ने क्रम अझै कायम छ। यहाँ भाकल गरेपछि मनोकामना पूरा हुने, सुख, शान्ति प्राप्त हुनुका साथै यहाँ गरिएको प्रेम र विवाह जीवनपर्यन्त सुखमय रहने जनविश्वास छ।

लोकगाथाका यी अमर पात्र सलहेस आफ्नो प्रभाव क्षेत्रमा बसेका जनताका लागि शोषण, अत्याचार र सामाजिक अराजकताविरुद्ध निरन्तर संघर्षरत थिए। सलहेसलाई दुसाध जातिको भनिन्छ प्राचीन समयदेखि नै दुसाधहरू शूरवीर मानिन्थे। त्यसैले सुरक्षाको जिम्मेवारी उनीहरूले पाउँथे। सलहेस पनि प्रारम्भमा पहरेदार नै थिए। पछि उनले आफ्नो सेनाको गठन गरी उत्तरतिरबाट तिब्बत र किरातहरूको आक्रमणको वीरतापूर्वक सामना गरेका थिए र आफ्नो समाजलाई स्वाभिमानीपूर्वक जिउने वातावरण मिलाएका थिए।

लोककल्याणका लागि चमत्कारिक काम पनि गरेको हुनाले यिनी देवताको रूपमा पुजिन थाले। सलहेसको समयमा जादु-टुना, तन्त्र-मन्त्रको प्रगाढ प्रयोग भइरहेको थियो। आफ्नो स्वरूप परिवर्तन गर्ने, अरूको स्वरूप परिवर्तन गरिदिने, आकाशमा उड्ने, अदृश्य हुने, पशुपंक्षी पनि मानव जस्तै बोल्ने जस्ता अलौकिक त्रियाहरू हुने गरेका कारण विद्वान्को एउटा वर्गले सलहेसको समय छैठौं-सातौं शताब्दी ठान्छ। त्यसबेला मालिनीहरूको चर्चा आएको र तिनीहरू मन्त्रमा सिद्ध भएकाले पनि यस तर्कलाई उनीहरूले अघि बढाएका छन्। हर्षवर्धनको मृत्युपछि मिथिलामा आएको अराजक अवस्थाकै उपज सलहेस भएको एकथरी विद्वान्हरूको मत छ।

गाथागायकहरूले राजा सलहेसलाई आफ्नो सौर्य-वीरताले गर्दा महिसौथा राज्यको राजासम्म भएको वर्णन गरेका छन्। एउटा अर्को मतमा कर्णाट राजा हरिसिंह देवको समयमा मैथिली भाषाको प्रथम गद्यग्रन्थ 'वर्णरत्नाकर'को रचना ज्योतिरीश्वर ठाकुरले सन् १३२४ तिर गरेका थिए। उक्त ग्रन्थमा 'लोरिकनाच'को चर्चा छ तर सलहेसको चर्चा छैन। त्यसैले सलहेसको समय चौधौं शताब्दीको अन्त्य वा पन्ध्रौं शताब्दीको सुरुतिर भएको हुन सक्ने अनुमान पनि गरिएको छ। तर त्यतिबेला राजदरबारमा संस्कृत पण्डितहरूको वर्चस्व रहेकाले दुसाध जस्ता तल्ला जातका नायक व्यक्तित्वबारे लेख्न आवश्यक नठानिएको हुन सक्छ। किनभने अहिले पनि सन् १८८१ मा जार्ज ग्रियर्सनले सलहेस गाथालाई लिपिबद्ध नगरेको भए कोही शास्त्रीय लेखकहरू (शिष्ट साहित्यका प्रणेताहरू) ले लेख्ने थिएनन्।

# वर्ष समीक्षा २०८२ : जलवायुजन्य जोखिम यथावत्

**प्रगति ढकाल**

काठमाडौं, १ वैशाख। विक्रम संवत् २०८१ मा जलवायुजन्य विपद्ले निम्त्याएका घटनाले चिन्ता बढाएको थियो, यस वर्ष पनि यस्ता घटना रोकिएनन् ? २०८१ साउन ३२ गतेको दिउँसो साढे १:०० बजे सोलुखुम्बु जिल्लास्थित खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहित आएको बाढीले गाउँ नै बगरमा परिणत गराएको थियो।

खुम्बु पासाङल्हामु गाउँपालिकाकी उपाध्यक्ष टासील्हामु शेर्पाका लागि फेरि पनि कुन दिन हिमपहिरोको जोखिममा पर्नुपर्ने हो भन्ने चिन्ताले सताउन छाडेको छैन। २०८१ को जलवायुजन्य घटनाको आलो घाउ बाँकी छँदा नै गत असार २४ गते रसुवाको ल्हेन्दे खोलामा अर्को हिउँ पहिरोले एक्कासि ल्याएको बाढीले सबैलाई झस्कायो।

बिहान–बेलुकाको सामान्य जीवन बिताइरहेका स्थानीयका लागि त्यो दिन अचानक भय र पीडामा बदलियो। केही घण्टामै पानीको बहाव यति तीव्र भयो कि कसैले भाग्ने, कसैले बच्ने मौका नै पाएनन्। उक्त घटनाका कारण १९ जना बेपत्ता छन् भने सात जनाले ज्यान गुमाइसकेका छन्।

जल तथा मौसम विज्ञान विभागका बाढीविद् विनोद पराजुलीका अनुसार 'सुप्राग्लेशियर' ताल फुटेर अचानक बाढी आएपछि धनजनको क्षति भएको हो। "यो क्षति टार्न सकिन्थ्यो। यदि समयमै पूर्वसूचना पुगेको भए मानिसहरूले ज्यान गुमाउनुपर्ने अवस्था आउँदैनथ्यो होला। अहिले नदीहरूमा पानीको सतह नाप्ने सेन्सरहरू जडान गरिएका हुन्छन्, जसले पानी बढेको जानकारी तुरुन्तै प्रणालीमा पठाउँछ," उहाँ भन्नुहुन्छ, "त्यसको आधारमा जोखिमको अनुमान गरेर सम्बन्धित निकाय र स्थानीय तहसम्म सूचना पुऱ्याइन्छ।"

उहाँका अनुसार हिमाली क्षेत्रमा रहेका यस्ता तालहरू पछिल्ला वर्षहरूमा झन् जोखिमपूर्ण बन्दै गएका छन्। "जलवायु परिवर्तनका कारण हिउँ पग्लिने दर बढ्दै जाँदा, यस्ता तालहरू कमजोर बन्छन् र सानो कारणले पनि फुट्न सक्छन्," पराजुली भन्नुहुन्छ। त्यसैले रसुवामा भएको घटना आकस्मिक विपद् मात्र होइन, बदलिँदो वातावरणको सङ्केत रहेको भन्दै विज्ञहरूले चिन्ता जनाउँदै आइरहेका छन्।

यदि त्यस दिन कुनै भारी वर्षा भएको भए मानिसहरू सतर्क हुन सक्थे। सरकारले पनि उच्च सतर्कता अपनाउन भन्दै सूचना दिन सक्थ्यो। सरकारी निकायले आवश्यक मात्रामा पूर्वतयारीहरू गर्न सक्थे। तर त्यस दिनको पछिल्लो २४ घण्टाको अवधिमा नेपाल–चीन सीमाबाट नजिकमा रहेको रसुवास्थित क्यान्जिङ मौसमी केन्द्र र रसुवास्थित धुन्चे मौसमी केन्द्रमा फाटफुट मात्र वर्षा मापन भएको बताउनुहुन्छ, विभागका मौसमविद् सञ्जीव अधिकारी। "त्यो दिन त्यति ठूलो बाढी नै जाने गरी दुवैतर्फ ठूलो वर्षा भएकै थिएन। न्यूनचापीय रेखा पनि सरदर आसपासमा थियो, पहिला त कारण पनि थाहा थिएन। पछि मात्रै थाहा भयो हिमताल फुटेको रहेछ," उहाँ भन्नुहुन्छ।

**खडेरी बढ्यो धान उत्पादन घट्यो**

बर्खे धान रोप्ने समयमा खडेरी परेपछि यसपटक धान उत्पादनमा पनि कमी आएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। विशेषगरी कोशी र मधेस प्रदेशमा परेको खडेरीका कारण उत्पादनमा कमी आएको हो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा जानुका पण्डितका अनुसार आर्थिक वर्ष २०८१/८२ मा धान बाली भित्र्याइएको कुल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेको थियो। चालु आव मा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम रहेको मन्त्रालयको अनुमान छ।

यसैगरी, आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएकामा चालु आवमा ४.२० प्रतिशतले कमी भई ५७ लाख पाँच हजार १२६ मेट्रिक टन उत्पादन भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

यसैगरी, उत्पादकत्व गत आवमा ४.१९ मेट्रिक टनप्रति हेक्टर रहेकोमा आव २०८२/८३ मा उत्पादकत्व १.१६ प्रतिशतले घट्ने देखिएको छ।

"यसैगरी, मधेस प्रदेशमा विशेषगरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो," उहाँले भन्नुभयो, "यस आर्थिक वर्षमा उन्नत बीउबिजन र मलखादको पर्याप्त उपलब्धता हुँदाहुँदै पनि प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको छ। धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी भएका कारण चालु आवमा समग्र धान उत्पादनमा कमी आएको छ।"

प्रवक्ता पण्डितका अनुसार धान बालीको क्षेत्रफलमा कमी आउनुमा मुख्यगरी पहाडी क्षेत्रमा देखिएको बसाइँसराइ, युवाहरूको विदेशप्रतिको आकर्षण एवं फलफूल तथा नगदेबालीको क्षेत्रफलमा भएको वृद्धि छन् भने तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानबालीको क्षेत्रफलमा केही कमी आएको छ।

**सरकारको पूर्वसूचना र पूर्वतयारी भने प्रशंसनीय**

विसं २०८२ को वर्ष समीक्षा गर्दै गर्दा ०८१ लाई पनि तुलना गरेर हेरौं। वर्ष ०८१ को असोजमा झ्याप्ले खोलामा आएको पहिरोका कारण यात्रुवाहक बस नै पुरिँदा ३५ भन्दा बढीको ज्यान गएको थियो। रातिको समयमा पहिरो खस्दा बुटवलबाट काठमाडौँका लागि छुटेको लुम्ज ४५७८ नम्बरको माइक्रोबस, गोरखाबाट काठमाडौँका लागि हिँडेको ना४ख २२७० नम्बरको बस, चितवनबाट काठमाडौँका लागि हिँडेको बा३ज १३४५ नम्बरको माइक्रोबस पहिरोले पुरिएको अवस्थामा भेटिएको थियो।

गत वर्ष पनि जल तथा मौसम विज्ञान विभागले अति भारी वर्षा हुने र सकेसम्म यात्रा गर्न नहुने भन्दै पूर्वसूचना जारी गरेर सचेत गराएको थियो। विभागको सूचनालाई अन्य सरकारी संयन्त्रले नै विश्वास गरेन। सूचनाको बेवास्ता गऱ्यो। न यात्रुहरूले पत्याए, न सवारीधनीहरूले सूचनाको विश्वास गरेर केही दिन सवारीसाधन बन्द गर्न सके। यस वर्षजस्तो न त कडाइका साथ सवारीसाधन आवागमनमा रोक लगाइयो। गत वर्ष सरकार विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वतयारीमा चुकेकै थियो।

सो वर्ष काठमाडौँ उपत्यकालाई नै बाढीले डुबायो। काठमाडौँवासीले नसोचेको विपद् बेहोर्नुपऱ्यो। काठमाडौँ उपत्यकालगायत मुलुकका अधिकांश स्थानमा भारी वर्षाले ल्याएको विपद्ले अझै पनि कैयौँलाई तर्साइरहेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्क अनुसार तीन दिनको अवधिमा २५० जनाले ज्यान गुमाए। १८ जना अझै बेपत्ता छन् भने १७८ जना घाइते भएका छन्। राम्रो पूर्वतयारी भएको भए यो अप्रिय घटना हामीले सामना गर्नुपर्ने थिएन कि भन्ने प्रश्न उठेको थियो।

वर्ष ०८१ मा सरकारको आलोचना बढिरहेको समयमा वर्ष ०८२ मा भने सरकारले प्रशंसा पायो। वर्ष ०८२ मा नेपालीहरूको महान् चाड दसैँको रमझम सकिनै बाँकी हुँदा सर्वसाधारणहरूको ओहोरदोहोर गर्ने क्रम जारी नै थियो। चाडपर्वको उल्लासमय समयमा आएको एउटा सूचनाले आम सर्वसाधारणहरूलाई झस्कायो। जल तथा मौसम विज्ञान विभागले गत असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी–पहिरोको जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गऱ्यो।

त्यसपछि अन्य अन्तरसरकारी निकायहरूले विभागको सूचनालाई अनुसरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले। भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौँ उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन आगामी तीन दिनसम्म रोक्ने निर्णय भयो। उक्त निर्णयले यस पटक बाढी–पहिरोका कारण सडक यात्रीहरूको ज्यान जान पाएन। भौतिक पूर्वाधारमा क्षति भए पनि विगतमा जस्तो सडकमा यात्रा गरिरहेका यात्रुहरूको धनजनको क्षति हुन पाएन।

**पहिरोको पूर्वसूचनाको अभावले मानवीय क्षति**

वर्ष ०८२ मा पनि जल तथा मौसम विज्ञान विभागले बाढीको प्रभाव पर्ने सम्भावित क्षेत्रहरूमा पूर्वसूचना दिएर सर्वसाधारणहरूलाई सुरक्षित स्थानमा बस्न सहयोग गऱ्यो। तर बाढीको जस्तै पहिरोको पनि पूर्वसूचना प्रणालीको विकास नभएकै कारण पछिल्ला वर्षहरूमा पहिरोबाट हुने धनजनको क्षति बढ्दै गएको बताउनुहुन्छ पहिरोविद् डा सुवोध ढकाल। इलाम जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार पहिरोका कारण ०८२ को असोज १७ देखि २० गतेसम्मको अवधिमा इलाममा ३७ जनाले ज्यान गुमाए। सूर्योदय नगरपालिका–१ मानेभञ्ज्याङमा पाँच जना, इलाम नगरपालिका–६ घोसमा छ जना, माङ्सेबुङ गाउँपालिका–१ मा तीन जना, देउमाई नगरपालिका–५ मा आठ जना, जोगमाई गाउँपालिकामा आठ जना, सन्दकपुर गाउँपालिकामा ६ जना र फाकफोकथुम गाउँपालिकामा एक जनाको ज्यान गएको कार्यालयको तथ्याङ्क छ।

"नेपालजस्तो भौगोलिक मुलुकमा पहिरोको बर्सेनि जोखिम छ। कतिपय स्थानमा पुराना पहिरोमा बस्ती बसेका छन्। पुराना पहिरो दोहोरिएर जाने सम्भावना हुन्छ। त्यसर्थ, पहिरोको जोखिम भएको बस्ती तत्काल सुरक्षित स्थानमा सार्नुपर्छ," ढकाल भन्नुहुन्छ, "नभए आगामी वर्षहरूमा पनि जोखिम बढ्ने छ।"

**झन्डै पाँच सयले गुमाए ज्यान**

चालु आर्थिक वर्ष २०८२ वैशाख १ गतेदेखि चैत ३० गतेसम्मको समग्र तथ्याङ्कले विपद् जोखिमको भयावह चित्र प्रस्तुत गरेको छ। गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सो अवधिमा देशभर सात हजार ७१६ वटा विपद् घटना दर्ता भएका छन्। ती घटनामा ४९६ जनाको मृत्यु, ३८ जना बेपत्ता तथा एक हजार ९९१ जना घाइते भएका छन् भने एक लाख ३६ हजार ९३ परिवार प्रभावित भएका छन्।

विपद्का प्रकारअनुसार आगलागी सबैभन्दा धेरै तीन हजार ७३८ घटनासहित अग्रस्थानमा रहेको छ, जसबाट १०६ जनाको मृत्यु भएको छ। पहिरोका ६२४ घटनामा ७६ जनाको ज्यान गएको छ भने पाँच जना बेपत्ता र ९२ जना घाइते भएका छन्। बाढीका २२९ घटनामा ३९ जनाको मृत्यु भएको तथ्याङ्क छ।

यसैगरी, हावाहुरी, भारी वर्षा, लेक लाग्ने, हिमपहिरो, डुबान, शीतलहर, महामारीलगायत अन्य विपद्ले पनि जनधनमा क्षति पुऱ्याएका छन्। हिमपहिरोका कारण ६ जनाको मृत्यु भयो भने पाँच जना बेपत्ता भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ। प्राधिकरणका अनुसार हावाहुरीका कारण १३ जनाले ज्यान गुमाएका छन्। लेक लागेर ४१ जनाको मृत्यु भएको छ।

त्यस्तै, चट्याङका ४२६ घटनामा ४८ जनाको मृत्यु भएको छ भने ३१२ जना घाइते भएका छन्। सर्पदंशका ६२७ घटनामा १०१ जनाले ज्यान गुमाएका छन्। जनावर आक्रमणका ५१६ घटनामा ५७ जनाको मृत्यु भएको देखिन्छ। विशेषगरी आगलागी, सर्पदंश र चट्याङजस्ता घटनाले मानवीय क्षतिमा उल्लेख्य योगदान पुऱ्याएको प्राधिकरणको विश्लेषण छ। यस्ता घटनामा जनचेतना, पूर्वतयारी र स्थानीय तहको सक्रियता अझै कमजोर देखिएको सङ्केत गरिएको छ।

**प्रदूषण र वन डढेलो नियन्त्रणमा सुधार**

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले वर्ष २०८२ लाई जलवायु दृष्टिकोणले सकारात्मक र नकारात्मक दुवै पक्ष समेटिएको वर्षका रूपमा व्याख्या गर्नुहुन्छ। "खडेरी, बाढी, पहिरो, हिमपहिरोजस्ता केही विपद्का घटनाहरू भए। तर यस वर्ष प्रि–मनसुन अवधिमा राम्रो वर्षा भएकाले वर्ष ०८१ को तुलनामा यस वर्ष वन डढेलो जस्ता घटनामा कमी भएको छ। प्रदूषण पनि कम भएको छ।"

संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको ३०औँ सम्मेलनले अन्तरराष्ट्रिय मञ्चमार्फत नेपालको जलवायुसम्बन्धी धारणा सशक्त रूपमा प्रस्तुत हुनुलाई पनि वर्ष ०८२ को सकारात्मक पाटोका रूपमा टिप्पणी गर्नुभयो।

**सगरमाथा संवादले दिएको सन्देश**

वर्ष ०८२ मा नै नेपालले नेतृत्व गर्दै आयोजना गरेको सगरमाथा संवादले विश्वव्यापी रूपमा सकारात्मक सन्देश दिन सफल भयो। जहाँ ५० भन्दा बढी देश तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाहरूको सहभागिता रहेको थियो। नेपालले उठाइरहेको पर्वतीय क्षेत्रका जलवायुजन्य सङ्कटहरूको सन्दर्भमा विश्व समुदायको ध्यान खिच्न सफल भएको वर्षका रूपमा लिन सकिन्छ।

संवादमा 'सगरमाथा कल फर एक्सन' घोषणापत्र सार्वजनिक भएको थियो। उक्त घोषणापत्रमा १.५ डिग्री सेल्सियसको तापक्रम सीमा कायम राख्न आवश्यक उपायहरू प्रस्तुत भए। हिमाललाई विश्वमा चिनाउन सफल भएको भन्दै संवादको प्रशंसा भएको थियो। संवादले धनी राष्ट्रहरूले वित्तीय, प्रविधि र क्षमता विकासमा सहयोग गर्नुपर्छ भन्ने सन्देश दियो। वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका (युएनएफसिसिसी) का पक्ष मुलुकहरूको २१औं जलवायु शिखर सम्मेलन (कोप–२१) अन्तर्गत पेरिस सम्झौतामा आधारित भई तेस्रो राष्ट्रिय निर्धारित योगदान (तेस्रो एनडिसी) स्वीकृत पनि यसै वर्ष भयो।

**हिमतालका जोखिम पाँच अर्ब अनुदान**

वर्ष ०८२ मा नै नेपालले जलवायु वित्त अनुदान पाउने सुनिश्चित भएको छ। केही जलवायुजन्य चुनौती भोगे पनि केही अवसरहरू पनि मिल्नु सकारात्मक पक्षबाट हेर्न सकिन्छ। नेपालले जोखिममा रहेका चार वटा हिमतालको सतह घटाउनका लागि करिब पाँच अर्बको अनुदान पाउने निश्चित भएको हो। गत असार १७ मा हरित जलवायु कोष (जिसिएफ) को पपुआ न्यू गिनीको राजधानी पोर्ट मोरेस्बीमा बसेको ४२औँ बोर्ड बैठकले नेपालबाट पेस भएको 'हिमाली जलाधारमा हुने जलवायुजन्य पहिरो र हिमताल विस्फोटको जोखिमबाट धनजनको रक्षा' शीर्षकको परियोजना स्वीकृत गरेको थियो। नेपाल सरकार, युएनडिपी, स्वतन्त्र ऊर्जा उत्पादक सङ्घले एक करोड ३८ लाख अमेरिकी डलर अर्थात् करिब रु दुई अर्ब सहलगानी गर्ने प्रतिबद्धता जनाएका थिए।

**जलवायु परिवर्तन दृष्टिले चिन्ताजनक वर्ष**

विश्व मौसम सङ्गठनले सन् २०२५ जलवायु परिवर्तनका दृष्टिले अत्यन्तै चिन्ताजनक वर्षका रूपमा लिएको छ। सङ्गठनका अनुसार विश्वव्यापी रूपमा तापक्रम वृद्धि, चरम मौसमीय घटना र वातावरणीय असन्तुलनले मानव जीवन, कृषि र पारिस्थितिक प्रणालीमा गम्भीर प्रभाव पारेका छन्। सन् २०२५ इतिहासकै सबैभन्दा तातो वर्षमध्ये शीर्ष तीनमा परेको सङ्गठनको तथ्याङ्क जनाउँछ। पछिल्लो दशकभरि लगातार नयाँ तापक्रम रेकर्ड कायम भइरहेको भन्दै विश्वका वैज्ञानिकहरूले चिन्ता जनाएका छन्। यस वर्ष नै अफ्रिका, एसिया र युरोपका विभिन्न क्षेत्रमा व्यापक गर्मीको लहर (हिटवेभ) देखियो, जसले कृषि उत्पादनमा गिरावट ल्यायो। बढ्दो तापक्रमसँगै मानव स्वास्थ्यमा गम्भीर असर पारेको र खाद्य सुरक्षामा चुनौती बढ्दै गएको तथा जोखिममा रहेका समुदायहरू थप प्रभावित भएको भन्दै वैज्ञानिकहरूले चिन्ता जनाएका छन्।

यस वर्ष पनि जलवायुजन्य सङ्कट बेहोर्नुपऱ्यो। अवसर र चुनौती दुवै समान गर्नुपऱ्यो। नयाँवर्षसँगै नयाँ सरकारले विपद् व्यवस्थापन तथा जलवायु अनुकूलको क्षेत्रमा प्रभावकारी काम गर्ने अपेक्षा छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)